नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/११/११ गते काठमाडौं महानगरपालिकासँगको संयुक्त अनुगमनमा काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | जानकी किचन<br>काठमाडौं म.न.पा.-७, चाबहिल<br>(पशुपति मित्र मा.वि. मा संचालित) | • सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• फ्राइङ्ग तेलको टि.पि.एम (TPM) परिक्षण गर्दा १०.५% भई मापदण्ड अनुकूल रहेको<br>• तयारी खाद्य पदार्थहरूको अव्यवस्थित भण्डारण गरेको<br>• फोहोर फाल्ने डस्टबिन खुल्ला रहेको<br>• पकौडा र आलुचपमा कृत्रिम खाद्य रङ्ग (synthetic food color) प्रयोग भएको पाइयो। | • नियमित सरसफाइ गरी अभिलेख व्यवस्थापन गर्ने<br>• तयारी खाद्य पदार्थहरू व्यवस्थित तवरले भण्डारण गर्ने<br>• काँचो र पकाएको तथा भेज र नन्-भेज खाद्य पदार्थ छुट्टाछुट्टै राख्ने<br>• पकाएर खाने खाद्य पदार्थमा कृत्रिम रङ्गको प्रयोग नगर्ने<br>• डस्टबिन छोपेर राख्ने साथै नियमित सफा गर्ने निर्देशन दिएको<br>• कृत्रिम खाद्य रङ्ग प्रयोग गरी पकाएको आलुचप (१२० थान) र पकौडा (३० थान) नष्ट गरिएको। |
| २. | श्रम राष्ट्रिय माध्यमिक विद्यालय चमेनागृह, काठमाडौं म.न.पा.-७, कुमारीगल, काठमाडौं | • खाद्य पदार्थहरूको भण्डारण व्यवस्थित नरहेको पाइयो।<br>• भण्डारण कक्ष छुट्टै नरहेको<br>• भान्साको साथै कामदारको सरसफाइ सन्तोषजनक रहेको | • भण्डारण कक्ष व्यवस्थित बनाउने<br>• तयारी खाद्य वस्तुहरू छोपेर राख्ने<br>• सरसफाइ तथा खाद्य वस्तुहरूको खरिद र भण्डारण सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने निर्देशन दिएको। |

Bsharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/११/१९

# अनुगमनका केही झलकहरू





